भर्मोन्ट एजेन्सी अफ टान्सपोर्टेसन

# टाइटल VI उजुरी कार्यविधि

आफूलाई व्यक्तिगत रूपमा वा कुनै विशेष वर्गको व्यक्तिहरूको सदस्यका रूपमा जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, उमेर, LEP वा अपाङ्गताका आधारमा भेदभाव भएको भनेर लाग्ने कुनै पनि व्यक्तिले AOT को नागरिक अधिकार तथा श्रम अनुपालन कार्यालय (Office of Civil Rights and Labor Compliance) मा उजुरी दायर गर्न सक्छन् ।

टाइटल VI कार्यक्रममा भेदभावसँग सम्बन्धित उजुरीहरू टाइटल VI उजुरी फाराम (https://tinyurl.com/aottitlevi) मा पहुँच बनाएर अनलाइन पेश गर्न सकिन्छ । पेश गरिसकेपश्चात् AOT को टाइटल VI संयोजकले उजुरीकर्तालाई सम्पर्क गर्नुहुनेछ । पत्राचार, इमेल वा फोनबाट टाइटल VI उजुरी पेश गर्न सम्पर्कसम्बन्धी जानकारी निम्नानुसार छन्:

Patricia Martin, Title VI Coordinator
Vermont Agency of Transportation
नागरिक अधिकार तथा श्रम अनुपालन कार्यालय
219 North Main Street
Barre, VT 05641

इमेल: patricia.martin@vermont.gov
फोन: 802.595.6959

लिखित उजुरीहरूमा उजुरीकर्ताद्वारा अनिवार्य रूपमा हस्ताक्षर गरिएको हुनुपर्छ । टेलिफोन वा इमेलमार्फत पेश गरिएका उजुरी र हस्ताक्षर नगरिएका लिखित उजुरीहरूको हकमा प्रारम्भिक मौखिक/विद्युतीय/हस्ताक्षर नगरिएको उजुरीको 10 कार्यालय दिनभित्र उजुरीकर्ता वा उनको प्रतिनिधिले अनिवार्य रूपमा हस्ताक्षर गरेर लिखित रूपमा उजुरी पेश गर्नुपर्ने हुन्छ । इमेलद्वारा पेश गरिएका सोधपुछहरूको जवाफ दिइन्छ र तिनको ट्र्याक राखिन्छ । यदि उजुरीकर्तालाई लिखित कागजात पेश गर्न सहायता आवश्यक पर्छ भने AOT को नागरिक अधिकार कार्यालयका कर्मचारीले उजुरीकर्ताको अन्तर्वार्ता लिएर मौखिक उजुरीलाई लिखित रूपमा रूपान्तरण गर्न सो व्यक्तिलाई मद्दत गर्नेछन् । यो कागजातमा उजुरीकर्ता वा उनको प्रतिनिधिले अनिवार्य रूपमा
हस्ताक्षर गरेको हुनुपर्छ । संघीय तथा राज्य कानुनहरूले भेदभावको कथित घटना घटेको 180 दिनभित्र उजुरी दायर गर्न आवश्यक गराएका छन् ।

लिखित रूपमा उजुरी पेश गरिसकेपश्चात् AOT ले उजुरीलाई सम्बोधन गर्न निम्न कदमहरू चाल्नेछ:

1. उजुरीकर्ताको नाम, घटना भएको मिति, कथित हानि र उजुरीकर्ताका बारेमा प्रासङ्गिक जनसाङ्ख्यिकीय जानकारीको पहिचान खुलाएर AOT को नागरिक अधिकार कार्यालयद्वारा राखिने AOT को टाइटल VI को उजुरी लगमा उक्त उजुरीलाई दर्ता गरेर राखिनेछ ।

2. AOT को टाइटल VI संयोजकले टाइटल VI को उजुरी फाराम भर्नुहुनेछ (पृष्ठ 29 हेर्नुहोस्) ।

3. फाराममा समावेश अत्यावश्यक जानकारीमा निम्न जानकारी पर्दछन्:
    a. उजुरीसँग सम्बन्धित घटना भएको मिति;
    b. घटना भएको समय;
    c. घटनाको भएको स्थान; र
    d. मामिलाहरूको विवरणसहित उजुरीमा पक्षहरू मानिएका व्यक्तिहरूको नाम र पदहरूसहित उपलब्ध भएसम्म विस्तृत रूपमा घटनाका परिस्थितिहरू ।

4. प्रारम्भिक उजुरी पत्र र अन्य कुनै पनि सञ्चारको सारांशसहित पूरा भरिएको फाराम अन्तिममा वाशिङ्टन, DC मा रहेको FHWA को नागरिक अधिकार कार्यालयको मुख्यालय (Headquarters Office of Civil Rights, HCR) मा पेश गरिनका लागि FHWA को भर्मोन्ट डिभिजन कार्यालय (Vermont Division Office) मा पेश गरिनेछ ।

5. FHWA HCR ले उजुरी स्वीकार, खारेज वा स्थानान्तरण गर्ने वा नगर्ने भनेर निर्णय गर्छ । FHWA HCR ले उजुरी स्वीकार, खारेज वा स्थानान्तरण गर्ने वा नगर्ने भनेर निर्णय गर्दा FHWA HCR ले उजुरीकर्ता, FHWA को भर्मोन्ट डिभिजन कार्यालय, AOT र उपप्रापक (लागू हुने ठाउँमा) लाई सूचित गर्नेछ । उजुरीहरूको प्रक्रिया अगाडि बढाउँदा चारवटा सम्भावित परिणामहरू आउँछन्:

    स्वीकार: यदि समयमै उजुरी दायर गरियो, उजुरीमा टाइटल VI अन्तर्गतको दाबीलाई समर्थन गर्ने पर्याप्त जानकारी समावेश छन् र यसमा FHWA को क्षेत्राधिकारअन्तर्गत सरोकारका मामिलाहरू छन् भने HCR ले उजुरीकर्ता, AOT र FHWA को डिभिजन कार्यालयलाई यसले छानबिनका लागि उजुरी स्वीकार गरेको छ भन्ने लिखित सूचना पठाउनेछ ।

    प्रारम्भिक समीक्षा: यदि उजुरीका आरोपहरू टाइटल VI अन्तर्गत दाबीलाई समर्थन गर्न पर्याप्त छन् वा छैनन् भन्ने कुरा अस्पष्ट छ भने HCR ले (1) यसलाई खारेज गर्न सक्छ वा (2) उजुरीलाई स्वीकार, खारेज वा रेफर गर्ने वा नगर्ने भनेर निर्णय गर्नुभन्दा पहिले उजुरीकर्ता तथा/वा प्रतिवादीबाट थप जानकारी प्राप्त गर्नका लागि प्रारम्भिक समीक्षामा संलग्न हुन सक्छ ।

    कार्यविधिगत खारेजी: यदि उजुरी समयमै दायर गरिएको छैन, लिखित रूपमा छैन र हस्ताक्षर गरिएको छैन वा यसमा अन्य कार्यविधिगत/व्यावहारिक त्रुटिहरू छन् भने FHWA HCR ले उजुरीकर्ता, AOT र FHWA को डिभिजन कार्यालयलाई यसले उजुरीलाई खारेज गर्दैछ भन्ने लिखित सूचना पठाउनेछ ।

    रेफरल\खारेजी: यदि उजुरी कार्यविधिगत रूपमा पर्याप्त छ तर FHWA को (1) उजुरीको विषयवस्तुमा क्षेत्राधिकार पर्दैन वा (2) प्रतिवादीको निकायमाथि क्षेत्राधिकारको कमी छ भने FHWA HCR ले या त उजुरी खारेज गर्नेछ वा क्षेत्राधिकार भएको अर्को निकायमा रेफर गरेर पठाउनेछ । यदि FHWA HCR ले उजुरी खारेज गर्‍यो भने यसले उजुरीकर्ता, AOT र FHWA को डिभिजन कार्यालयलाई खारेजीको लिखित सूचनाको प्रति पठाउनेछ । रेफरलहरूको हकमा FHWA ले उचित संघीय निकायलाई उजुरीको एक प्रति र USDOT को नागरिक अधिकार कार्यालय विभाग (Departmental Office of Civil Rights) लाई एक प्रतिसहित रेफरलको लिखित सूचना पठाउनेछ ।

6. निम्न कारणहरूले गर्दा उजुरीलाई खारेज गर्न सकिन्छ:
    a. कथित घटना र प्रारम्भिक उजुरी दायर गरेको दिनबिच 180 दिनभन्दा बढी दिन भइसकेको छ ।
    b. आरोपमा जाति, रङ, राष्ट्रिय उत्पत्ति, उमेर, लिङ्ग, LEP वा अपाङ्गता जस्ता टाइटल VI अन्तर्गत समेटिएको आधार समावेश छैन ।
    c. आरोपमा AOT वा यसको संघीय आर्थिक सहयोग प्राप्त गर्ने कुनै पनि उपप्रापक संलग्न छैन ।
    d. उजुरी प्रक्रिया अगाडि बढाउन आवश्यक पर्ने थप जानकारी बारम्बार माग गर्दा पनि उजुरीकर्ता जवाफ दिन असफल हुन्छन् ।
    e. उचित प्रयासहरू गरिसकेपछि पनि उजुरीकर्तालाई पत्ता लगाउन सकिएको छैन ।

7. FHWA HCR भनेको राज्यको यातायात विभाग र अन्य प्राथमिक प्रापकहरूसँग सम्बन्धित सबै छानबिनहरू गर्न जिम्मेवार हुन्छ । यदि उपप्रापकको विरुद्धमा उजुरी दायर गरिएको छ भने FHWA HCR ले आफैँ छानबिन गर्न सक्छ वा यसले प्राथमिक प्रापक राज्यको DOT लाई छानबिन गर्न अधिकार प्रत्यायोजन गर्न सक्छ । यदि HCR ले उपप्रापकको छानबिन गर्न अधिकार प्रत्यायोजन विकल्प छनौट गरेमा HCR ले उजुरी स्वीकार गरेको सूचना उजुरीकर्ता तथा प्रतिवादीलाई दिनेछ तर AOT को टाइटल VI संयोजकले सबै डाटा अनुरोध, अन्तर्वार्ता र विश्लेषणहरू गर्नुहुनेछ ।

    यदि AOT को टाइटल VI संयोजक/नागरिक अधिकार कार्यालयद्वारा छानबिन गरिँदै छ भने यसलाई FHWA बाट अधिकार प्रत्यायोजन गरेर प्राप्त गरिएको 60 दिनभित्र अनिवार्य रूओमा पूरा गरिनुपर्छ ।

यदि FHWA HCR ले छानबिन गर्दैछ भने कुनै पनि नियामक समयसीमा हुँदैन तर FHWA ले स्वीकार गरिएको मितिबाट 180 दिनभित्र सबै कार्यहरू पूरा गर्ने प्रयास गर्छ ।

8. यदि छानबिन AOT को टाइटल VI संयोजकद्वारा गरिँदैछ भने टाइटल VI संयोजकले FHWA HCR लाई पठाइने छानबिन प्रतिवेदन (ROI) तयार गर्नुहुनेछ । HCR ले ROI को समीक्षा गरेर र ROI मा आधारित रहेर निष्कर्षको पत्र लेख्नेछ ।

भर्मोन्ट एजेन्सी अफ टान्सपोर्टेसन

## ADA उजुरी कार्यविधि

आफूलाई व्यक्तिगत रूपमा वा कुनै विशेष वर्गको व्यक्तिहरूको सदस्यका रूपमा अपाङ्गताका आधारमा भेदभाव भएको भनेर लाग्ने कुनै पनि व्यक्तिले भर्मोन्टको एजेन्सी अफ ट्रान्सपोर्टेसनको नागरिक अधिकार कार्यालयमा उजुरी दायर गर्न सक्छन् ।

अपाङ्गतासम्बन्धी भेदभावसँग सम्बन्धित सबै उजुरीहरू भर्मोन्टको एजेन्सी अफ ट्रान्सपोर्टेसन (Agency of Transportation, AOT) को नागरिक अधिकार कार्यालयकी ADA तथा टाइटल VI संयोजक Patricia Martin लाई पठाइनुपर्छ । उजुरीहरू विद्युतीय माध्यम, फ्याक्स वा अमेरिकी हुलाक सेवा (United States Postal Service, USPS) द्वारा निम्नानुसार पेश गर्न सकिन्छ:

- AOT को वेबसाइटमा विद्युतीय माध्यमद्वारा: https://tinyurl.com/aotada
- इमेल:AOT.CRADA@vermont.gov
- टेलिफोन: 802.595.6959
- Patricia Martin, ADA & Title VI Coordinator
  - Vermont Agency of Transportation
  - Office of Civil Rights
  - 219 North Main Street
  - Barre, VT 05641

AOT मा ADA उजुरी पेश गर्ने सबै व्यक्तिहरूलाई उजुरी पेश गरिएको तीन (3) कार्यालय दिनभित्र सम्पर्क गरिनेछ । AOT ADA का सबै उजुरी तथा सरोकारका विषयहरूमा न्यायोचित तथा तत्कालै जवाफ र समाधान प्रक्रिया उपलब्ध गराउन प्रतिबद्ध छ । यदि व्यक्तिलाई उजुरी पेश गर्न सहयोग आवश्यक पर्छ भने AOT ADA संयोजक वा AOT को नागरिक अधिकार कार्यालयका अर्को कर्मचारीले उजुरी दायर गर्ने व्यक्तिलाई मद्दत गर्नेछन् । संघीय तथा राज्य कानुनले भेदभावको कथित घटना घटेको 180 दिनभित्र उजुरी दायर गर्न आवश्यक गराएको छ ।

उजुरी पेश गरिसकेपश्चात् AOT ले उजुरीलाई सम्बोधन गर्न निम्न कदमहरू चाल्नेछ:

1. उजुरीकर्तालाई उजुरी पेश गरेको तीन (3) कार्यालय दिनभित्र सम्पर्क गरिनेछ र प्रक्रियाको व्याख्या उपलब्ध गराइनेछ र उजुरीसँग सम्बन्धित मामिला समाधान गर्न मार्गनिर्देशन तथा सहयोग प्रदान गरिनेछ ।

2. AOT ADA को संयोजकले उजुरी फाराम सुरु गर्नुहुनेछ ।

3. फाराममा समावेश अत्यावश्यक जानकारीमा निम्न जानकारी पर्दछन्:

   a. उजुरीसँग सम्बन्धित घटना भएको मिति;
   b. घटना भएको समय;
   c. घटनाको भएको स्थान; र
   d. मामिलाहरूको विवरणसहित उजुरीमा पक्षहरू मानिएका व्यक्तिहरूको नामहरूसहित उपलब्ध भएसम्म विस्तृत रूपमा घटनाका परिस्थितिहरू ।

4. प्रारम्भिक उजुरी पत्र र अन्य कुनै पनि सञ्चारको सारांशसहित पूरा भरिएको फाराम समीक्षाका लागि AOT को नागरिक अधिकारका निर्देशकलाई पेश गरिनेछ । नागरिक अधिकारका निर्देशकले उजुरीको क्षेत्राधिकार र स्वीकार्यताका साथसाथै थप जानकारी आवश्यक पर्छ कि पर्दैन भनेर निर्धारण गर्नुहुनेछ । कुनै पनि थप जानकारी प्राप्त गरिसकेपछि नागरिक अधिकारका निर्देशकले उजुरी स्वीकार गर्ने वा अस्वीकार गर्ने भनेर निर्धारण गर्नुहुनेछ ।

5. उजुरीकर्तालाई AOT ले उजुरी स्वीकार गरेको वा अस्वीकार गरेको लिखित सूचनासँग उपलब्ध गराइनेछ ।

6. निम्न कारणहरूले गर्दा उजुरीलाई अस्वीकार गर्न सकिन्छ:

   a. कथित घटना र प्रारम्भिक उजुरी दायर गरेको दिनबिच 180 दिनभन्दा बढी दिन भइसकेको छ ।
   b. आरोपमा अपाङ्गता संलग्न छैन ।
   c. आरोपमा Vtrans वा संघीय आर्थिक सहयोग प्राप्त गर्ने कुनै पनि उपप्रापक संलग्न छैन ।
   d. उजुरी प्रक्रिया अगाडि बढाउन आवश्यक पर्ने थप जानकारी बारम्बार माग गर्दा पनि उजुरीकर्ता जवाफ दिन असफल हुन्छन् ।
   e. उचित प्रयासहरू गरिसकेपछि पनि उजुरीकर्तालाई पत्ता लगाउन सकिएको छैन ।

भर्मोन्ट एजेन्सी अफ टान्सपोर्टेसन

7. स्वीकार गरिएको उजुरीको केस नम्बरसँग तोकेर त्यसलाई डाटाबेसका साथै AOT को नागरिक अधिकार कार्यालयद्वारा राखिने AOT ADA को उजुरी लगमा उजुरीकर्ताको नाम, घटना भएको मिति र कथित घटनासम्बन्धी जानकारीको पहिचान खुलाएर दर्ता गरेर राखिनेछ ।

8. उजुरीहरूको छानबिनमा तालिम प्राप्त नागरिक अधिकार कार्यालयका अन्य कर्मचारीहरूको सहयोगसहित AOT ADA संयोजकले उजुरीको छानबिन सुरु गर्नुहुनेछ र उजुरी स्वीकृत गरिएको 45 दिनभन्दा ढिलो नहुनेगरी प्रतिवेदन तयार गर्नुहुनेछ । प्रतिवेदनमा घटनाको सविस्तार वर्णन, अन्तर्वार्ता लिइएका व्यक्तिहरूको पहिचान, निष्कर्ष र निप्टाराका लागि सिफारिसहरू समावेश गरिनेछ ।

9. AOT को नागरिक अधिकार कार्यालयका निर्देशकद्वारा सो प्रतिवेदनको समीक्षा गरिनेछ र उपयुक्त ठहरिएको खण्डमा AOT को कानुनी शाखामा पठाइनेछ । निर्देशकले कानुनी अधिकारीसँगको परामर्शमा निप्टाराका लागि सिफारिस स्वीकार वा अस्वीकार गर्नुहुनेछ र संलग्न व्यक्तिहरूले ADA का कार्यक्रमका आवश्यकताहरूको पालना नगरिएको पाइएमा उपचारात्मक कार्यवाही निर्धारण गरिनेछ ।

10. छानबिनका नतिजाहरू र निर्देशकको निर्धारण उजुरीकर्तालाई हुलाकमार्फत पठाइनेछ । सूचनामा उजुरीकर्ताको पुनरावेदन (अपिल) का अधिकारहरू र त्यस्ता पुनरावेदन प्रारम्भ गर्ने निर्देशनहरूसम्बन्धी जानकारी समावेश हुनेछन् । पुनरावेदनको सूचना निम्नानुसार छ:

a. नयाँ तथ्यहरू प्रकाशमा आएका खण्डमा AOT ले निर्धारणका बारेमा पुनर्विचार गर्नेछ ।
b. यदि उजुरीकर्ता निर्धारण र/वा AOT बाट तय गरिएको समाधानसँग सन्तुष्ट नभएको खण्डमा सोही उजुरी तल सूचीबद्ध उपयुक्त संघीय निकायलाई पेश गर्न सकिन्छ:

Federal Transit Administration (FTA) Office of Civil Rights
1200 New Jersey, S.E. 5th Floor TRC East Building
Washington, DC 20590
फोन: 202.366.4043
वा
Federal Highway Administration (FHWA) Vermont Division
87 State Street, Suite 216
Montpelier, VT 05602
802.828.4423

11. उजुरी र AOT को छानबिन प्रतिवेदन, निष्कर्षको पत्र र उपचारात्मक कार्यवाही योजनाको प्रति माथि सूचीबद्ध उपयुक्त निकायमा उजुरी सुरुमा प्राप्त भएको 120 दिनभित्र पेश गरिनेछ ।

12. AOT ले भर्मोन्ट राज्यको सामान्य रेकर्डहरूको अनुसूची GRS-1000.1102 को 2 CFR दफा 200.334 र ADA सर्कुलर 4701.1, दफा 12.7.3 बमोजिम अनुपालना नभएको भनेर प्राप्त गरिएका सबै उजुरीहरू फाइलमा एक वर्षसम्म र त्यस्ता सबै उजुरीहरूको रेकर्ड फाइलमा पाँच वर्षसम्म राख्नेछ ।

भर्मोन्ट एजेन्सी अफ टान्सपोर्टेसन

# उजुरी फाराम

मलाई आफू (वा अरू कसै) लाई निम्नका आधारमा भेदभाव गरिएको छ भन्ने लाग्छ: (लागू हुने सबै चयन गर्नुहोस्):
जाति _____ रङ _____ राष्ट्रिय उत्पत्ति _____ अपाङ्गता _____ अन्य_____

नाम: _____ थर: _____

ठेगाना: _____

_____

सहर:_____ राज्य:_____ जिप:_____

फोन:_____ इमेल: _____

उजुरी गरेको मिति: _____ कथित भेदभाव भएको मिति र समय: _____

घटना भएको स्थान: _____

_____

सम्भव भएसम्म स्पष्ट रूपमा के भएको थियो र तपाईंलाई आफूलाई किन भेदभाव गरिएको थियो जस्तो लाग्यो भनेर व्याख्या गर्नुहोस् । तपाईंको विरुद्धमा भेदभाव गर्ने व्यक्ति(हरू) को नाम तथा सम्पर्कसम्बन्धी जानकारी (थाहा भएमा) का साथसाथै कुनै पनि साक्षीहरूको नाम तथा सम्पर्कसम्बन्धी जानकारी समावेश गर्नुहोस्: _____

_____

_____

_____

_____

_____

**यो उजुरी निम्न नाम भएको निकायको विरुद्धमा छः** _____

निकायमा सम्पर्क गर्ने व्यक्ति:_____

सम्पर्क गर्ने व्यक्तिको पद: _____

फोन:_____

के तपाईंले यो निकायमा ADA को टाइटल VI को उजुरी दायर गर्नुभएको छ ? हो _____ होइन _____

कृपया तपाईंको उजुरीसँग सम्बन्धित कुनै पनि थप जानकारी थप्नुहोस्: _____

_____

भर्मोन्ट एजेन्सी अफ टान्सपोर्टेसन

के तपाईं यो उजुरी आफ्नो तर्फबाट आफैँ दायर गर्दै हुनुहुन्छ ? हो _____ होइन _____ यदि 'होइन' भने कृपया निम्न जानकारी उपलब्ध गराउनुहोस्:

तपाईंले निम्न नाम भएको व्यक्तिको तर्फबाट दायर गर्दै हुनुहुन्छ: ________________________________________

तपाईंले दायर गरिरहनुभएको व्यक्तिसँगको सम्बन्ध: ________________________________________________

कृपया तपाईंले तेस्रो पक्षका लागि किन यो उजुरी दायर गर्दै हुनुहुन्छ भनेर स्पष्ट खुलाउनुहोस्:___________________

________________________________________________________________________________________

के तपाईंले यो उजुरी दायर गर्न उक्त व्यक्तिको अनुमति प्राप्त गर्नुभएको छ ? हो _____ होइन _____

के तपाईंले अन्य कुनै पनि संघीय, राज्य वा स्थानीय निकाय वा कुनै संघीय वा राज्य अदालतमा यो उजुरी दायर गर्नुभएको छ ? हो _____ होइन _____ यदि 'हो' भने कृपया निम्न जानकारी उपलब्ध गराउनुहोस्:

निकायको नाम:_____________________________________________________________________

निकायमा सम्पर्क गर्ने व्यक्ति:____________________________________________________________

पद:__________________________________________________________________________

ठेगाना:_______________________________________________________________________

सहर:________________________ राज्य:_________________________जिप:_________________________

फोन:__________________________उजुरी दर्ता भएको मिति:______________________________________